

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ २९ गते सोमबार ❑ 12 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकीमा बजेटको अन्तिम तयारी

पोखरापत्र संवाददाता
पोखरा, २८ जेठ

आन्तरिक स्रोत र सङ्घ सरकारले दिने अनुदान खुम्चिएपछि गण्डकी प्रदेश सरकारको आगामी आव २०८०/८१ को बजेटको आकार घट्ने भएको छ । चालु आवमा रु ३५ अर्ब ९० करोड ९० लाखको बजेट ल्याइएकामा आगामी आवका लागि रु ३३ अर्बको हाराहारीमा बजेट आउने अनुमान छ ।

सङ्घ सरकारले पठाएको रु ३३ अर्ब ८५ करोडको सीमा (सिलिङ) मा रहेर प्रदेश सरकारले बजेट निर्माणलाई अन्तिम रूप दिन लागेको हो । प्रदेशको आर्थिक मामिला मन्त्रालयका प्रवक्ता राजेन्द्रबन्धु अर्यालले बजेटमा समावेश हुने योजना र लागत प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पिएलएमबिआइएस) मा प्रविष्ट गर्ने काम भइरहेको बताउनुभयो ।

"बजेट निर्माण अन्तिम चरणमा छ, समयको कही चाप परेको छ", उहाँले भन्नुभयो, "मन्त्रालयगत रूपमा कार्यक्रम र योजना रुजु गर्दैछौं ।" प्रवक्ता अर्यालले बजेटको मस्यौदालाई अन्तिम रूप दिन मात्र बाँकी रहेको उल्लेख गर्नुभयो ।

स्रोत खुम्चिँदा सरकारलाई बजेट निर्माणमा दबाब छ । चालु आवमा कर तथा राजस्वबाट रु ११ अर्ब ३४ करोड ३७ लाख उठाउने लक्ष्य लिइएकामा यही जेठ ४ गतेसम्मको तथ्याङ्कअनुसार जम्मा पाँच अर्ब ८९ करोड ३९ लाख १८ हजार मात्र राजस्व उठेको छ । आन्तरिक राजस्वतर्फ रु पाँच अर्ब नौ करोड १६ लाखको लक्ष्य रहेकामा हालसम्म करिब ५० प्रतिशत मात्र सङ्कलन भएको छ । घरजग्गाकारोबारमा मन्दी आउँदा राजस्व न्यून उठेको जनाइएको छ । सङ्घ सरकारले दिने समानीकरण अनुदान पनि यो वर्ष रु एक अर्बले घटेको प्रदेश नीति तथा योजना आयोगका सदस्य डा सुवास अधिकारीले बताउनुभयो । "अनुदानको स्रोत र राजस्व पनि घटेपछि बजेटको आकार पनि घट्ने भएको हो", उहाँले भन्नुभयो, "सङ्घ सरकारले पठाएको सीमा (सिलिङ) भित्रैबाट बजेट बन्छ ।"

आयोगले दिएको बजेट सीमा (सिलिङ) अनुसार मन्त्रालयले कार्यक्रम र योजनाको बाँडफाँट गरेको सदस्य डा अधिकारीले बताउनुभयो । सबैभन्दा बढी भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई रु ११ अर्बको 'सिलिङ' तोकिएको थियो ।

ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयलाई रु पाँच अर्ब, कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई रु दुई अर्ब ५० करोड, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयलाई रु पाँच अर्ब, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई रु एक अर्ब ६० करोडको 'सिलिङ' दिइएको थियो । मध्यकालीन खर्च संरचना, अनुदान, राजस्वको लक्ष्य आदिलाई आधार मानेर बजेट बन्ने गरेको आयोगका सदस्य डा अधिकारीले बताउनुभयो । दिगो विकास लक्ष्य, प्रदेशको आवधिक योजना, मानव सूचकाङ्कको स्थिति, विकास साझेदारसँग गरिएको प्रतिबद्धतालाई पनि बजेट निर्माणको आधारका रूपमा लिने गरिएको उहाँको भनाइ छ ।

यसअघि सरकारले सार्वजनिक गरेको वार्षिक नीति तथा कार्यक्रमको लक्ष्यलाई पछ्याउँदै बजेट ल्याइने आर्थिक मामिला मन्त्रालयले जनाएको छ । सरकारले स्वास्थ्य, शिक्षा र कृषिलगायतका क्षेत्रलाई नीति तथा कार्यक्रममा प्राथमिकता दिएको छ ।

प्रदेश गौरवकादेखि भौतिक पूर्वाधारतर्फका बहुवर्षीय योजना बजेटको प्राथमिकतामा पर्नेछन् । रु ३० लाखभन्दा मुनिका टुक्रे योजना बजेटमा समावेश नहुने जनाइएको छ । प्रशासनिक खर्च घटाउने र अनुत्पादक क्षेत्रमा बजेट नदिने योजनामा प्रदेश सरकार छ । मठमन्दिर, सामुदायिक भवन जस्ता योजना कटौती गरिने भएको छ । महत्त्वकाङ्क्षी योजनाका रूपमा लिइएको सुरुङ मार्गको प्रारम्भिक सम्भाव्यता अध्ययनका लागि पनि बजेट छुट्याइने भएको छ ।

स्रोतमा आधारित रहेर वस्तुनिष्ठ र यथार्थपरक बजेट ल्याउनुपर्ने चुनौती प्रदेश सरकारसामु छ । योजनाको चाप या राजनीतिक दवाव छ भन्दै राजस्वको अनुमान बढाएर बजेटको आकार बढाउन नहुने विज्ञहरू बताउँछन् । आगामी असार १ गते प्रदेश सरकारले बजेट ल्याउँदैछ ।

## कला र संस्कृतिको संरक्षणमा जोड दिनुपर्छ : अध्यक्ष ओली

रासस
काठमाडौं, २८ जेठ

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले कला र संस्कृतिको संरक्षणमा जोड दिनुपर्ने बताउनुभएको छ ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान आयोजना बबरमहलस्थित नेपाल कला परिषद्मा भइरहेको राष्ट्रिय ललितकला प्रदर्शनीको आइतबार अवलोकनपछि उहाँले पुरानो कला र संस्कृतिको संरक्षण र त्यसको विकास पनि गर्दै लैजानुपर्ने आवश्यकता औंल्याउनुभयो ।

"हाम्रो देश, सभ्यता, कला ,संस्कृति, चाडवाड, सङ्गीतको हिसाबले पुरानो इतिहास भएको देश हो । यी सबै कुरा हाम्रा सम्पदा हुन्", उहाँले भन्नुभयो, "कला र संस्कृतिको जति सुरक्षा र सम्मान गर्न सक्दछौं त्यति शिक्षा पनि लिन सक्दछौं ।" अध्यक्ष ओलीले देशको इतिहास र सभ्यता संस्कृति जान्न जरुरी रहेको उल्लेख गर्दै कलाको सिर्जना र प्रदर्शनीले अरुलाई पनि इतिहास बुझ्न सजिलो हुने बताउनुभयो । उहाँले कलाले पुरानो प्रचलन, चलन, चाडपर्वबारे जानकारी गराउने भएकाले कला पुरानो समाजको अव्यक्त खालको इतिहास रहेको भनाइ राख्नुभयो । प्रतिष्ठानको आयोजनामा यही जेठ १५ गतेदेखि सुरु भएको कला प्रदर्शनी बबरमहलस्थित परिषद्मा लोक कला, परम्परागत थान्का पौभा, मूर्तिकला दुई सयभन्दा कलाकार कलाकृति रहेको प्रतिष्ठानका सदस्य सचिव देवेन्द्र थुम्केलीले जानकारी दिनुभयो । प्रतिष्ठानले नक्साल प्रतिष्ठानको परिसर र बबरमहलस्थित परिषद्मा भइरहेको कला प्रदर्शनी यही जेठ ३० गतेसम्म सञ्चालन हुनेछ ।

## पोखरा प्रदर्शनी केन्द्रमा विज्ञान प्रविधि महोत्सव

पोखरापत्र संवाददाता
गण्डकी, २८ जेठ

जेठ ३१ र ३२ गते पोखराको प्रदर्शनी केन्द्रमा विज्ञान प्रविधि महोत्सव हुँदैछ ।

हिमालयन साईन्स फाउण्डेशन र विज्ञान शिक्षक समाजको सह–आयोजनामा गण्डकी प्रदेश स्तरीय विज्ञान प्रविधि महोत्सवको आयोजना गरिएको हो । विद्यालयस्तरदेखि नै विद्यार्थीलाई खोज तथा अनुसन्धानमा अभिप्रेरित गर्ने उद्देश्यले विज्ञान प्रविधि महोत्सवको आयोजना गरिएको हिमालय साईन्स फाउण्डेशनका अध्यक्ष आतंक बस्नेतले जानकारी गराए । उनका अनुसार महोत्सवको सम्पूर्ण तयारी पुरा भएको छ । गण्डकी प्रदेशका विभिन्न जिल्लाका विद्यालयबाट आएका विद्यार्थीले मानव जीवनका विभिन्न समस्याहरुलाई कसरी वैज्ञानिक प्रविधिद्वारा समाधान गर्न सकिन्छ भन्ने समाधानका साथ महोत्सवमा प्रस्तुत हुने उनले बताए ।

गण्डकी प्रदेशको राजधानी पोखरामा यस्तो महोत्सवको आयोजना पहिलो पटक गरिएको दाबी उनको छ । उसो त उनले पोखरा मात्रै नभई देशका अन्य प्रदेशमा समेत उक्त कार्यक्रमको आयोजना गरिसकेका छन् । यस अघि लुम्बिनी प्रदेशमा विज्ञान प्रविधि महोत्सवको आयोजना गरिएको थियो । २०७६ बाट उक्त महोत्सवको आयोजना गरिएता पनि कोरोना महामारीले निरन्तरतामा समस्या आएको बस्नेतले बताए । पोखरामा हुने विज्ञान प्रविधि महोत्सवबाट धेरैले लाभ लिनेमा उनी आशावादी देखिन्छन् । आतंक भन्छन्, "विज्ञानका विषयमा हाम्रो शैक्षिक प्रणाली नै फितलो छ । विद्यालयदेखि नै विज्ञानमा हामीले प्रयोगात्मकलाई विशेष जोड दिनुपर्ने तर घोकन्ते विद्यामा नै हाम्रो साईन्स अड्किएको छ ।" नेपालका वैज्ञानिकहरुलाई संरक्षण गर्न नसक्दा देशले दक्ष वैज्ञानिकहरु गुमाइरहेको भनाई उनको छ । विज्ञान विषयलाई पढाउने तौरतरिकामा फेरबदल गर्नुपर्ने आवश्यकतालाई उनले औंल्याएका छन् । थेउरिकल भन्दा प्राक्टिल विषयलाई प्राथमिकता दिनुपर्ने भनाई उनको छ । कार्यक्रमलाई सफल पार्न विभिन्न संघसंस्थाहरुले सहयोग गरेका छन् । जसमा मुख्य प्रायोजनमा वालाविज एजुकेशन सर्भिसेजले साथ दिएको छ । गण्डकी प्रोभिन्स एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजीको सह–प्रायोजनमा आयोजना भएको उक्त महोत्सवलाई अनलाईन एजुकेशन पार्टनरको रुपमा एम्बिसन गुरुले साथ दिएको छ भने इन्टरनेट पार्टनरको रुपमा भायानेटले साथ दिएको छ । स्वास्थ्य सेवा पार्टनरको रुपमा टेककेएर र स्टिम एजुकेशन पार्टनरका रुपमा कारखानाले साथ दिएको बस्नेतले जानकारी गराएका छन् ।

## विश्वविद्यालय शिक्षा अनुसन्धान र नवप्रवर्तनमा केन्द्रित हुनुपर्दछ : प्रधानमन्त्री

रासस
काठमाडौं, २८ जेठ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वविद्यालयको शिक्षा अनुसन्धान र नवप्रवर्तनमा केन्द्रित हुनुपर्ने बताउनुभएको छ ।

काभ्रेपलाञ्चोकको धुलिखेलमा आइतबार आयोजित काठमाडौं विश्वविद्यालयको २८औं दीक्षान्त (दोस्रो चरण) समारोहलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री दाहालले विश्वविद्यालयमा स्नातकोत्तर तहका पाठ्यक्रममा अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिनुपर्ने तथा स्नातक तहमा बढी अभ्यासमुखी र सिकाइमा जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "हाल सञ्चालनमा रहेका सबै विश्वविद्यालय र उच्च शैक्षिक संस्थाले पठनपाठन तथा अनुसन्धानको शैली परिवर्तन गर्न आवश्यक छ । खासगरी विश्वविद्यालयमा स्नातकोत्तर तहका पाठ्यक्रममा अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिनुपर्ने हुन्छ । स्नातक तहमा बढी अभ्यासमुखी र सिकाइमा जोड दिनुपर्छ ।" प्रधानमन्त्री दाहालले अनुसन्धानले समाजमा प्रभाव र परिवर्तन ल्याउन नसक्दा साधन स्रोतको सही सदुपयोग नहुने स्पष्ट पार्नुभयो । विश्वविद्यालय तहको अध्ययन र अनुसन्धानलाई सबल बनाउनसरकारकाअनुसन्धानसम्बन्धीकार्य विश्वविद्यालयबाट गराउने निर्णय गरिसकेको हुनाले प्राध्यापकमा राज्यका लागि योगदान गर्ने प्रत्यक्ष अवसर मिल्ने उहाँको भनाइ थियो । काठमाडौं विश्वविद्यालयले आफ्नो स्थापनाको ३२ वर्षमा विभिन्न सङ्कायमा ४१ हजारभन्दा बढी उच्च सीप, दक्षता र मानवीय गुणसम्पन्न जनशक्ति उत्पादन गरी मुलुकको विकासमा योगदान दिएको प्रधानमन्त्री दाहालले उल्लेख गर्नुभयो ।

काठमाडौं विश्वविद्यालयले गुणस्तरीय शिक्षाका लागि मुलुकको अग्रणी र दक्षिण एसियाकै एक प्रतिष्ठित विश्वविद्यालयका रूपमा आफूलाई स्थापित गरेको उल्लेख गर्दै उहाँले गुणस्तरीय, प्राविधिक र अत्याधुनिक उच्चशिक्षा


बाँकी अन्तिम पृष्ठमा ▶▶


## सावित्रालाई खेलकुद पत्रकार मञ्च गण्डकीद्वारा स्कुटर हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, २८ जेठ

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीद्वारा आयोजित 'सातौं पोखरा स्पोर्टस् अवार्ड २०७९' मा वर्ष उत्कृष्ट खेलाडी (महिला) हुन सफल सवित्रा भण्डारीलाई इलेक्ट्रिक स्कुटर हस्तान्तरण गरिएको छ ।



अवार्डमा उत्कृष्ट भएकी भण्डारीलाई पुरस्कार स्वरुप टेल्जी नेपालको टाइगर इलेक्ट्रिक स्कुटर आइतबार हस्तान्तरण गरिएको हो । अवार्ड घोषणाको दिन भण्डारी भारतमा लिग खेल्दै रहेकाले उनलाई आइतबार हस्तान्तरण गरिएको मञ्चले जनाएको छ । वार्षिकरुपमा मञ्चले आयोजना गर्ने स्पोर्टस् अवार्डमा विभिन्न ७ वटा विधामा उत्कृष्ट अवार्ड वितरण गरेको थियो । जसमा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलाडी (पुरुष), वर्ष उत्कृष्ट खेलाडी (महिला), वर्ष उत्कृष्ट उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेल संघ र खेल पत्रकारिता पुरस्कार रहेको छ ।

सोही अन्तरगत वर्ष उत्कृष्ट खेलाडी (महिला)को विधामा फुटबलकी भण्डारीले अवार्ड जित्न सफल भइन् । नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी स्ट्राइकर सावित्रा भण्डारी लमजुङकी हुन् । उनीसँगै आर्चरीकी रोजिना थापा मगर र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा मगर मनोनयनमा परेका थिए । स्कुटर हस्तान्तरण गर्दै मञ्चका कार्यवाहक अध्यक्ष सुरज श्रेष्ठले खेलाडीको मनोवल उच्च राख्न खेलप्रतिको आकर्षणलाई थप बलियो बनाउन अवार्डले महत्वपूर्ण भूमिका खेलेको बताए । हस्तान्तरण कार्यक्रममा मञ्चका कावा अध्यक्ष सुरज क्षेत्र, अवार्ड प्राप्त गर्ने खेलाडी सावित्रा भण्डारी, टेल्जी नेपालको पोखरा शाखा प्रमुख हिरा कोइराला, वरिष्ठ खेल पत्रकार सुदर्शन रञ्जित, मञ्चकी कोषाध्यक्ष कविता घर्ती मगर, मञ्चका कार्यवाहक सचिव राजु गिरीलगाएतको उपस्थिति रहेको थियो ।

मञ्च गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो । यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको थियो । खेलाडीलाई उर्जा थप्न मञ्चले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्टस अवार्ड गर्दै आएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कम्पोष्ट विन वितरण तथा कौशी खेती अभिमुखिकरण

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ

"घरको फोहोर घरमै मोहोर अर्गानिक खानपान स्वाथ्थ जिवन" भन्नै नारालाई आत्मासात गर्दै पोखरा महानगर पालिका पशु तथा कृषि महाशाखाको आयोजना र वडा स्तरीय कृषि सञ्जाल पोखरा महानगरपालिका वडा ६ बैदामको समन्वयमा पोखरा ६ बैदाममा कम्पोष्ट बिन र कुटो वितरण गरिएको छ।

शनिबार सम्पन्न कार्यक्रममा पोखरा महानगरपालिका वडा न ६ मा रहेका आमा समुह, टोल विकास र कृषि सञ्जालका सदस्यहरुलाई कौशी खेति अभिमुखिकरण सहित करिब ६० वटा कम्पोष्ट विन र कृषि औजार कुटो वितरण गरिएको थियो । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि तथा पोखरा महानगर पालिका पशु तथा कृषि महाशाखा प्रमुख मनोहर कडरियाले घरबाट निस्कने फोहोरलाई कम्पोष्ट मलका रुपमा प्रयोग गर्ने सके मोहरको रुपमा आम्दानि गर्ने सक्ने बताए । घरमा बनाएको कम्पोष्ट मल लाई आफ्नो खेतबारीमा प्रयोग गरेर अर्गानिक खेति गर्ने सुझाए।

बिशेष अतिथि तथा पोखरा महानगर पालिका पशु तथा कृषि महाशाखा पामेकी प्रमुख पुनम कुवँरले घर आगन बाट निस्कने फोहोरुलाई सदुपयोग गरि कम्पोष्ट मलको रुपमा प्रयोग गर्ने सके मात्र बिदेश बाट आउने मलबाट परनिर्भता कम गर्ने, सहयोग पुर्ने आशा ब्यक्त गरिन।

पोखरा महानगर पालिका कौशि खेति एडमिन तथा कृषि सञ्जाल पोखरा ६ बैदामकी



अध्यक्ष भावना रानाभाटको सभा अध्यक्षतामा भएको कार्यक्रममा संञ्जीविनी आमा समहु पोखरा ६ गैरीखेतकी अध्यक्ष भगवति बानिया र कृषि सञ्जाल पोखरा ६ बैदामका सचिब शिबु सुवेदी लगाएतका बक्ताहरुले गृहणि महिलाहरुलाई कम्पोष्ट मलको बारेमा तालिम दिन सकेकामा आर्थिक स्तर बृद्दि हुने छ, भन्दै आफ्ना भनाई राखेका थिए।

# यात्रुवाहक बसमा 'डस्टविन'राख्न पत्राचार

**पोखरापत्र संवाददाता**
दमौली, २८ जेठ

तनहुँको व्यास नगरपालिकाले यात्रुवाहक बसमा अनिवार्य 'डस्टविन'को व्यवस्था मिलाउन यातायात समितिलाई पत्राचार गरेको छ। व्यास नगरलाई सफा र स्वच्छ बनाउने उद्देश्यसहित जथाभावी फोहर फाल्ने कार्यलाई न्यूनीकरण गर्न यात्रुवाहक बसमा 'डस्टविन' को व्यवस्था मिलाउन पत्राचार गरेको हो।

जथाभावीरूपमा फोहर फालिदिँदा नगरपालिका दुर्गन्धित हुने भएकाले सवारीसाधनमा अनिवार्य 'डस्टविन'को व्यवस्थापनका लागि निर्देशनसहित पत्राचार गरिएको प्रमुख प्रशासकीय अधिकृत गङ्गालाल सुवेदीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नगरपालिकालाई वातावरणमैत्री सहर बनाउन नगर क्षेत्रभित्र गुड्ने सवारीसाधनमा अनिवार्य डस्टविन राख्न भनेका छौँ।"

सवारीसाधनमा यात्रा गर्ने यात्रुलाई पनि जथाभावीरूपमा फोहर नफाल्न यातायात समितिमार्फत जानकारी गराउन निर्देशन दिइएको उहाँले बताउनुभयो । जथाभावीरूपमा अटेर गरी फोहर फालेमा पहिलोपटक रु तीन हजार र दोस्रोपटक रु सात हजारसम्म जरिवाना गरिने उहाँले जानकारी दिनुभयो।

नगरपालिकाले पृथ्वीराजमार्ग यातायात समिति, स्थानीय यातायात प्रालि, व्यासभूमि यातायात प्रालि, ट्याक्सी व्यवसायी समिति र अटो रिक्सा व्यवसायी समितिलाई पत्राचार गरेको हो । नगरपालिकाले बजारका विभिन्न क्षेत्रमा फोहरमैला व्यवस्थापनसम्बन्धी सचेतनामूलक बोर्ड राखेको छ । नगरपालिकाका सरसफाइ शाखाका प्रमुख भाग्यशाली ढुङ्गानाका अनुसार बजारका मुख्य-मुख्य भागमा जथाभावी फोहर नफालौँ, फोहर फालेमा हुने कानुनी कारबाहीलगायतका विषयमा सचेतना दिन सचेतनामूलक बोर्ड राखिएको छ।

व्यास नगर फोहरमैला व्यवस्थापन कार्यविधि, २०७८ अनुसार दफा १४ (क) नगरपालिका वा सम्बन्धित वडाले तोकिएको समय र स्थानबाहेक अन्यत्र फोहरमैला निष्काशन गरी यत्रतत्र राखेमा वा फालेमा सोही कार्यविधिको दफा १९ अनुसार कसुर गर्ने व्यक्तिलाई जरिवाना गरिने उहाँले बताउनुभयो। त्यस्ता व्यक्तिलाई पहिलोपटक रु तीन हजार जरिवाना, दोस्रोपटक सोही कसुर गरेमा रु तीन हजारदेखि रु सात हजारसम्म जरिवाना र फोहरमैला उठाउँदा लाग्ने खर्चसमेत निजबाट असुलउपर गरिने जनाइएको छ।

साथै जथाभावी चोक-चोकमा फुटपाट व्यवसाय नगर्न र पशु बध तोकिएको स्थानमा मात्र गर्न नगरपालिकाले आग्रह गरेको छ। उहाँले भन्नुभयो, "जथाभावीरूपमा फोहर फालिदिने प्रवृत्ति बढ्दो छ, त्यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्न यो व्यवस्था गरेका हौँ। यसले गर्दा फोहरमैला व्यवस्थापनमा सहयोग पुग्ने विश्वास गरेका छौँ।" व्यास नगरपालिकाले बजार क्षेत्रको वडा नं २, ३ र ४ बाट दैनिकरूपमा फोहर सङ्कलन गर्दै आएको छ । नगरपालिकाका बजार क्षेत्रबाट दैनिक ११ टन फोहर सङ्कलन हुने गरेको छ।

स्थापनाको ३० वर्ष पुगिसक्दा पनि नगरपालिकाले फोहरमैला केन्द्र बनाउन भने सकेको छैन। व्यास नगरपालिका सरसफाइ केन्द्र निर्माणका लागि जग्गा व्यवस्थापनमा जुटे पनि उक्त प्रयास सफल हुन सकिरहेको छैन।

व्यास नगरपालिकाले हाल वडा नं १३ स्थित सोढेको बुद्धसिं राजमार्ग आसपास फोहरमैला बिसर्जन गर्दै आएको छ।

यसअघि व्यास-३ मादीस्थित भतेरीमा फोहर फाल्दै आएको नगरपालिकाले उक्त ठाउँ मादीले कटान गरिदिएपछि चारकुनेमा जग्गा भाडामा लिएर फोहर फाल्दै आएको थियो । उक्त ठाउँ पनि फोहरले भरिएपछि फोहर फाल्ने ठाउँ नपाएर नगरपालिकाले सोढेमा फोहर फाल्दै आएको छ।


## फलफूल रोपौं, आम्दानी बढाऔं

◆एकपटक लगाएको फलफूलको विरुवाले बर्षौं आम्दानी दिन सक्छ,
◆तराई, पहाड र हिमाल जहाँ पनि फलफूल खेती गर्न सकिन्छ,
◆थोरै लगानीमा पनि धेरै आम्दानी गर्न सकिन्छ,
◆फलफूलको खेती गरौं, समृद्ध बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# "सफल दही एकदम सहि"

**पोखरापत्र संवाददाता**
गण्डकी, २८ जेठ

सुजल डेरीको उत्कृष्ट उत्पादन सफल दही विगत १८ वर्षदेखि पोखरा र आसपासको ठाउँमा लोकप्रिय रहेको छ । परिवारको सन्तुलित आहारको लागि स्वाद, स्वास्थ्य र सन्तुष्टिले भरिएको सफल दही, एकदम सहि रहेको छ। सफल दही शुद्ध गाई तथा भैँसीको दूधलाई उच्च स्तरीय प्रविधिद्वारा प्रशोधन गरि बनाइएको बाक्लो र मलायदार दही रहेको छ।




सफल दही गाई तथा भैँसीको दूधलाई उच्चकोटिको प्रविधिद्वारा प्रोसेसिङ्ग गरी गुणस्तरीय ल्याक्टिक कल्चर प्रयोग गरिएको बाक्लो र मलायदार दही हो। खाँदा मिठो र स्वास्थ्यको लागि फाइदा जनक रहेको कारण परिवारको नियमित खानामा सफल दही प्रयोग गरेको पाईन्छ।

सफल दही स्वास्थ्यका लागि अत्यावश्यक गुणहरूले जस्तै क्याल्सियम, प्रोटिन र भिटामिनले भरिपूर्ण भएकाले हुर्किँदै गरेको बालबालिकादेखि युवा, वयस्क र वृद्ध-वृद्धालाई समेत गुणकारी भएको पाइन्छ। यसमा भएको क्याल्सियमले हड्डी बलियो बनाउँछ, प्रोटिनले शारीरिक तन्दुरुस्ती ल्याउँछ भने भिटामिनले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ।

सन्तुलित खाना सबैको आवश्यकता भए पनि आजको व्यस्त दैनिकीले घर-घरका गृहिणीहरुका लागि चुनौतीपूर्ण बनेको छ । यस्तो समयमा दैनिक खानासँगै सफल दही पनि मिसाउन सके सजिलै सबै परिवारको लागि पोषण युक्त र सन्तुलित आहार तयार गर्न सजिलो बनाउने हेतुले यो क्याम्पेन ल्याइएको हो। विभिन्न चाडबाडमा अत्यावश्यक परिकार मध्येको एक दही हाम्रो समाजको अभिन्न अङ्गको रूपमा रही आएको छ। आफ्नो गुणास्तरका लागि अत्याधिक रुचाइएको सफल दही होटल तथा रेष्टुराँमा विभिन्न स्वादिष्ट खानाहरु बनाउनका लागि पनि एकदमै प्रयोग गरेको पाईन्छ ।

# विश्वविद्यालय...

युगको विश्वव्यापी आवश्यकता भएको बताउनुभयो । बर्सेनि हजारौं विद्यार्थी नेपालबाट विदेशिनुको कारण सिर्जनशील मस्तिष्क, युवा ऊर्जा र अर्बौं रुपैयाँ मुलुकबाट बाहिरिइरहेको सन्दर्भमा मुलुकभित्रै उच्चशिक्षाको गुणस्तर एवम शिक्षापछिको सम्मानयुक्त जीवनयापन गर्न सम्भव रोजगारी सिर्जना सबैका लागि टड्कारो आवश्यकता र चुनौती भएको प्रधानमन्त्री दाहालले जिकिर गर्नुभयो । काठमाडौं विश्वविद्यालयले अन्तर ाष्ट्रिय गुणस्तरकै शिक्षा प्रदान गरी विदेश पलायन हुने युवा र विदेशी मुद्रालाई केही हदसम्म भए पनि रोक्न प्रशंसनीय योगदान गरेको उहाँले स्पष्ट पार्नुभयो । "यस विश्वविद्यालयले आफ्ना क्षमतावान अब्बल स्नातक तह उत्तिर्णलाई प्रारम्भिक रोजगारीसमेत दिने जुन प्रस्तावना गरेको छ यसलाई नेपाल सरकारले अत्यन्त सकारात्मक कदमका रूपमा लिएको छ। यसको विस्तार र दीगोपनका लागि यथासम्भव सघाउने छ", प्रधानमन्त्री दाहालले भन्नुभयो।

विगतदेखि नै वस्तु व्यापार घाटामा भएको तीव्र वृद्धिले मुलुकलाई आक्रान्त बनाएको उल्लेख गर्दै उहाँले पछिल्लो समय सेवा व्यापारघाटा पनि उत्तिकै गतिमा बढ्दै जानु थप चिन्ताको विषय भएको बताउनुभयो।

## जनहितमा जारी जरुरी सूचना

पछिल्लो समय वन क्षेत्र आसपासको गाउँबस्तीमा बाघ, भालु, चितुवा जस्ता वन्यजन्तुले आक्रमण गरी मानवीय तथा पशुधनको क्षति गरेको हुँदा विशेष गरी सूर्योदय पूर्व विहानको समय र सूर्यास्त पछिको झिसमिसे साँझमा आफू र आफ्ना बालबच्चाको सुरक्षाको लागि उच्च सतर्कता अपनाई साँझको समयमा बालबच्चालाई एक्लै नछाडि दिनु भई सम्भावित क्षति हुनुबाट जोगिन जोगाउनुहुन अनुरोध गरिन्छ। साथै वन क्षेत्रमा घाँस, दाउरा, पात, स्याउला, सोत्तर लगायतका वन पैदावार संकलन गर्न जाँदा एक्लै आफूखुशी हिँडडुल नगर्न नगराउनु हुन र घर आसपासका झाडी सफा गरी साँझको समयमा घर बाहिर बत्ती उज्यालो पारी राख्न समेत अनुरोध छ।

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
पोखरा, नेपाल
सम्पर्क नः ०६१–४६७७३२/४६७७३३


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

➪ **पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

➪ **महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

➪ **सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

➪ **मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस् ।
– सास लिभोसन

## सम्पादकीय

# दादुराको उपचार र रोकथाममा लाग

१२ पुसमा बाँकेबाट फैलिएको दादुरा अहिले काठमाडौंसहित १६ जिल्लामा फैलिइसकेको छ । सर्ने रोगको रोकथाम नभएमा धेरै बालबालिमा संक्रमण फैलने खतरा हुनसक्छ । स्वास्थ्य सेवा विभाग अन्तर्गत रहेको परिवार कल्याण महाशाखाले दिएको तथ्यांकअनुसार २६ जेठसम्म १६ जिल्लाका एक हजार तीन जनामा दादुरा पुष्टि भइसकेको छ ।

काठमाडौंको गोकर्णेश्वर नगरपालिकास्थित ज्योयो कुटुम्पा गुम्बामा बस्ने चार जना बालबालिकामा दादुरा पुष्टि भएको महाशाखाले जनाएको छ । ती विद्यालयमा जम्मा पाँच सय ६० जना रहेका विद्यार्थीहरूमध्ये ६२ जनामा उस्तै प्रकारका लक्षण देखिएको तर जाँच गर्दा चार जनामा संक्रमण पुष्टि भएको परिवार कल्याण महाशाखा अन्तर्गत खोप शाखाका जनस्वास्थ्य अधिकृत वसन्तकुमार श्रेष्ठले जानकारी दिए ।

संक्रमण पुष्टि भएका चार जनालाई आइसोलेसनमा राखिएको छ । काठमाडौंमा पनि दादुरा देखिएपछि विभागले काठमाडौंका निजी तथा सरकारी सबै अस्पतालमा दादुराका सक्रिय केस खोजी र शंकास्पद केसहरू भेटिए नगरपालिका र स्वास्थ्य सेवा विभागमा रिपोर्ट गर्न अनुरोध गरिएको छ । एक जना दादुराको बिरामीले १८ जनालाई संक्रमित बनाउन सक्ने भएकाले सबै जिल्ला र नगरपालिका फोकल पर्सनलाई संवेदनशील हुन समेत विभागले निर्देशन दिएको छ ।

१६ जिल्ला पुगेको दादुरा सबैभन्दा बढी बाँकेमा तीन सय २२ मा संक्रमण देखिएको र एक जनाको मृत्यु भएको महाशाखाले जनाएको छ । महोत्तरीमा एक सय पाँच जनामा दादुरा पुष्टि भएको छ भने सर्लाहीमा ७७, बर्दियामा ७३, सुर्खेतमा ६५, कैलालीमा ४७, सुनसरीमा ४१, चितवनमा ४०, कञ्चनपुरमा ३३, मोरङमा ३२, दाङमा २९, धनुषा २३, कपिलवस्तुमा पनि २३ बाजुरमा १८ र अर्घाखाँचीमा ११ संक्रमित भएको तथ्यांक रहेको छ ।

त्यस्तै, प्रकोप प्रभावित स्थानमा स्वास्थ्यकर्मीहरुलाई संक्रमण नियन्त्रणबारे जानकारी, संकास्पद विरामीहरुलाई आइसोलेसन गर्ने र भिटामिन ए पनि खुवाउन लगाएको महाशाखाले जनाएको छ । सरकारले १५ वर्ष मुनिका बिरामी बाहेक सबै बालबालिकाहरुलाई दादुराविरूद्धको खोप दिन तयारी गरेको छ । दादुरा संक्रमण फैलिन थालेपछि जोखिम रहेका नौ जिल्लामा बिहीबारदेखि खोप दिन सुरू गरिएको छ । बाँकेमा आउटब्रेक हुँदा गरिएको अध्ययनले संक्रमण देखिएका अधिकांश बालबालकाले खोप नलगाएको कारण अहिले सरकारले खोप अभियानलाई तीव्र पारेको दावी गरेको छ ।

'नौ जिल्लाका ६ महिनादेखि १५ वर्षमुनिका १६ लाख ८१ हजार आठ सय ५१ बालबालिकामा दादुराविरुद्धको खोप लगाउने सरकारको लक्ष्य छ । महाशाखाले यसअघि दादुरा फैलिएका बाँके, कैलाली, सुनसरी, महोत्तरीका प्रभावित क्षेत्रका बालबालिकालाई खोप लगाइसकेको छ । सरकारले सन् २०२३ सम्म दादुरा निवारण गर्ने लक्ष्य लिएको छ । तर स्वास्थ्य विज्ञहरूले गत पुसमा बाँकेमा भएको दादुराको आउटब्रेकले गर्दा यो अधुरै हुने आशंका छ ।

नेपालले सन् २०१९ भित्र दादुरा निवारण गर्ने लक्ष्य लिएको थियो। तर यो रोगको संक्रमणदर बढ्न थालेपछि निवारणको लक्ष्य सन् २०२३ मा सारिएको थियो । दादुरा कोरोना भाइरसभन्दा पनि छिटो फैलिने सरुवा रोग भएकोले समयमा उपचार र रोकथामका लागि प्रभावकारी कदम चाल्नु जरुरी छ ।

# लाइव मान्छेको चित्र कोर्दै प्रदर्शनी

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ

हिल प्वाइन्ट मा. वि., माटेपानी, पोखरा-१२ को ललितकला विभागको प्रायोगिक कक्षाका रुपमा एकदिने प्रत्यक्ष चित्रकला घुम्ती कार्यक्रम सम्पन्न भएको छ ।

चित्रकारले आफ्नो ग्यालरी वा घरमा हैन कि बाहिर जनताका माझमा गएर जनताकै अगाडि उनीहरुले हेर्दाहेर्दै तत्काल उनैको चित्र बनाएर उनैका हातमै दिने रमाइलो पक्ष वा विशेषता कार्यक्रमको रहेको थियो ।

कार्यक्रमका लागि बागलुङ कालिका मन्दिरको आँगन र कुश्मा अग्लो झोलुङ्गे पुलनेरको स्थान चयन भएको थियो । लाइव पोट्रेट, लाइव स्केच, चित्रकला कार्यशाला र चित्रकला प्रदर्शनी चारवटा विधा एकैपटक सञ्चालित सो कार्यक्रममा कक्षा ११ का विद्यार्थीका साथै शिक्षक बाबुराम बस्ताकोटी, सुरेन्द्र अधिकारी र सुदिन श्रेष्ठको संलग्नता रहेको थियो । कार्यक्रममा सर्वसाधारण जनताको चाख र उपस्थितिका बीचमा विद्यार्थीले चित्र बनाएर वा बेचेर अर्थलाभ पनि गरेका थिए ।



# खडेरीको असर : खेतमै सुक्न थाल्यो धान र कोदाको बीउ

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ जेठ

लामो खडेरीका कारण म्याग्दीका किसानले खेतमा राखेको धानको बीउ खेतमा नै सुक्न थालेको छ । लामो समयदेखिको खडेरी र तापक्रम वृद्धिका कारण यहाँको लेकाली क्षेत्रमा समेत रोपाइँ सुरु हुन सकेको छैन भने तल्लो क्षेत्रमा धानको बीउ, सिमीलगायत बर्खेबाली खेतबारीमै सुक्न थालेको किसानले बताएका छन् ।

पानी नपर्दा लेकाली क्षेत्रमा कोदोसमेत रोप्न नपाएको मालिका गाउँपालिका-२ का कृष्णबहादुर विकले जानकारी दिनुभयो । "यतिबेला धमाधम कोदो र धान रोपाइँ सुरु हुने बेला भए पनि वर्षा नभएका कारण रोपाइँ त परको कुरा बीउसमेत राम्ररी फस्टाउन पाएको छैन", उहाँले भन्नुभयो । जिल्लाको बेनी नगरपालिकाका उपल्लो भेग र मालिका, धवलागिरि, मङ्गला, अन्नपूर्ण र रघुगङ्गाका लेकाली क्षेत्रमा विगतका वर्षमा यतिबेला कोदो रोपाइँ सकिन्थ्यो । केही ठाउँमा धान रोपाइँ भइसकेको हुन्थ्यो । तर यस वर्ष भने जिल्लामा कतै पनि रोपाइँ सुरु हुन नसकेको किसानको भनाइ छ । लामो समयदेखि वर्षा नभएका कारण धान र कोदोको बीउ सुक्न थालेको छ भने मकैलगायत खेतबारीमा लगाएका अन्य गेडागुडी खेतीसमेत ओइलाउन थालेको बेनी -२ का किसान नारायण शर्मा सापकोटाले बताउनुभयो ।

"यो वर्ष जस्तो खडेरी र चर्को गर्मी कहिल्यै भएको थिएन । गत वर्ष कोदो रोपेर धान रोपाइँ सुरु गरेका थियौँ", उहाँले भन्नुभयो "यस वर्ष अहिलेसम्म कोदोसमेत रोप्न पाएका छैनौँ । बीउ सुकेर खेर जान लागिसक्यो ।" सिँचाइको सुविधा भएका क्षेत्रमा समेत खोलामा पानी नहुँदा रोपाइँ हुन नसकेको स्थानीयले बताएका छन् । पछिल्ला केही दिनयता तापक्रम ह्वात्तै बढेकाले बालीसमेत ओइलाउन थालेको उनको भनाइ छ ।

जिल्लाका अधिकांश ठाउँमा वर्षाको भरमा खेतीबाली लगाइने गरिएको छ । करिब चार हजार हेक्टर जमिनमा सिँचाइको सुविधा भए पनि खोलानाला सुकेकाले समस्या भएको हो । जिल्लाको मुख्य बाली धान हो भने कोदो दोस्रो मुख्य बाली हो । मकै र गहुँ क्रमशः तेस्रो र चौथो बालीका रूपमा उत्पादन हुने गरेको छ । जिल्लाभर सात हजार ३५ हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ भने झन्डै चार हजार हेक्टरमा कोदो र मकैखेती हुने गरेको छ । मुख्य बाली लगाउने समयमै खडेरी परेका कारण कृषकलाई समस्या परेको छ । कृषि ज्ञान केन्द्र म्याग्दीले लामो समयदेखि वर्षा नहुँदा म्याग्दीमा रोपाइँ गर्न समस्या भएको जनाएको छ । मौसम सक्रिय नभएसम्म रोपाइँ गर्न नपाउने भएपछि कृषक समस्यामा परेका छन् ।

# बजेट अभावले खानेपानी आयोजना अलपत्र

**पोखरापत्र संवाददाता**
पर्वत, २८ जेठ

जिल्लामा यसैवर्ष निर्माण सम्पन्न हुनुपर्ने एक दर्जनबढी खानेपानी आयोजना बजेट अभावका कारण अलपत्र परेका छन् । सङ्घ र प्रदेशबाट चालु आर्थिक वर्षका लागि विनियोजन भएको बजेट खानेपानी कार्यालयमा प्राप्त नहुँदा निर्माण सम्पन्न हुने अन्तिम चरणमा पुगेका आयोजनाको काम रोकिएका हुन् ।

खानेपानीको चरम समस्या बेहोरिरहेका विहादी गाउँपालिकाको रानीपानी, बर्चौर र शालिग्राममा निर्माणाधीन खानेपानी आयोजनाका लागि बजेट अभाव हुँदा आयोजनाको काम रोकिएको हो । निर्माण बीचमै अलपत्र परेपछि यहाँका स्थानीयले यसवर्ष पनि खानेपानी उपभोग गर्न नपाउने भएका छन् । विहादी गाउँपालिकाका पूर्व अध्यक्ष कमल भुसालले आयोजना सम्पन्नको अन्तिम चरणमा बजेटको अभाव हुँदा खानेपानीको समस्या समाधान हुन नसकेको बताउनुभयो । उहाँले खानेपानी जस्तो संवेदनशील क्षेत्रमा सरकारले बजेट उपलब्ध गराउन बेवास्ता गरेको भन्दै तत्काल रकम उपलब्ध भए विहादीमा लिफ्टिङ खानेपानी आयोजना सम्पन्न हुने बताउनुभयो । रकमको अभावका कारण निर्माणाधीन आयोजना पलपत्र परेका छन् भने विहादीको शालिग्राममा नयाँ निर्माण गरिएको ट्याङ्कीसमेत चर्किएर भत्कने जोखिम बढेको स्थानीयको भनाइ छ । खानेपानी आयोजनाका लागि सङ्घीय सरकारबाट बजेट उपलब्ध नहुँदा रकम उपलब्ध गराउन नसकिएको सङ्घीय खानेपानी तथा सरसफाइ आयोजना पोखराका प्रमुख कुलप्रसाल पौडेलले जानकारी दिनुभयो । "पर्वतमा साना र ठूला गरी झण्डै दुई दर्जन खानेपानीका आयोजना संघ र प्रदेश सरकारमार्फत निर्माणाधीन अवस्थामा छन्", उहाँले भन्नुभयो, "आयोजनामध्ये लिफ्ट खानेपानी रानीपानी, बर्चौर, शालिग्राम, तिलाहार र दुर्लुङका आयोजना सङ्घ सरकारअन्तर्गत सञ्चालित छन् । बजेट अभावले यी सबै आयोजनाको काम तीन महिनादेखि रोकिएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय पर्वत इकाइले जनाएको छ । अन्तिम चौमासिकका लागि बजेट उपलब्ध नहुँदा आयोजनाका काम प्रभावित भएको कार्यालयका इन्जिनियर शिवशङ्कर शाहले बताउनुभयो । उहाँका अनुसार हाल जिल्लाभर रू तीन करोडदेखि २० करोड लागत अनुमान गरिएका ७६ खानेपानी आयोजना छन् ।

"सबै आयोजना सम्पन्न गर्न चालु वर्षको दररेटअनुसार करिब रू तीन अर्ब बजेट आवश्यक पर्दछ । मन्त्रालयबाट आउने बजेट बर्सेनि पाँच प्रतिशत भन्दा बढ्न सकेको छैन", इन्जिनियर शाहले भन्नुभयो । उहाँका अनुसार सबै आयोजना आर्थिक वर्ष २०७५/७६ मा सम्पन्न हुनुपर्ने हो । आयोजनाको लागत अनुमानका आधारमा काम गर्न बर्सेनि कम्तीमा रू ५० करोड बजेट आवश्यक पर्ने भन्दै चालु वर्ष झण्डै रू १३ करोड मात्रै अख्तियारी आएको शाहले बताउनुभयो । "यस आवमा आवश्यक बजेटको पाँच प्रतिशत बजेट पनि छैन," उहाँले भन्नुभयो, "हामीले सबै काम द्रुतगतिमा गर्छौं भनेर मात्रै भएन । रकम अभावले काम रोकिएका छन् । सबै आयोजना पाइपलाइनमै छन् ।" बजेट अभावका कारण काम अघि बढाउन नसक्दा थुप्रै आयोजना सम्पन्न नुहँदै भग्नावशेषमा परिणत भएका शाहको भनाइ थियो । फिल्डमा खटिने कर्मचारीलाई दैनिक भत्ता र तलब दिन नसकिएको उहाँले बताउनुभयो ।

असार मसान्तसम्म निर्माण सम्पन्न हुने आयोजना बजेट अभावले अलपत्र परेकाले बजेट उपलब्ध गराउन प्रयास भइरहेको सङ्घीय सांसद पदम गिरीले बताउनुभयो । "खानेपानी नागरिकको आधारभूत आवश्यकता हो । खानेपानी आयोजनामा बजेट अभाव देखाएर काम रोकिनु दुःखद् छ", उहाँले भन्नुभयो । समयमा नै बजेट उपलब्ध नगराउँदा आयोजनाको निर्माण प्रभावित भएको उहाँको भनाइ थियो ।

# मनसुन भित्रिन अनुकूल वातावरण बन्दै

**रासस**
काठमाडौं, २८ जेठ

पछिल्लो डेढसाता मुलुकका धेरै स्थानमा अधिकतम् तापक्रमले नयाँ कीर्तिमान राख्दा बढेको अत्याधिक गर्मीका कारण जनजीवन अस्तव्यस्त भएको थियो । गर्मीका कारण तराई-मधेशमा कृषिदेखि आम मानिसको जनजीवन अस्तव्यस्त हुँदा संसद्देखि सामाजिक सञ्जालसम्म विभिन्न प्रतिक्रिया र आवाज उठेका थिए । सबैको एउटै जिज्ञासा थियो गर्मी कहिलेदेखि कम हुन्छ । अब केही दिनभित्रै नेपालमा मनसुन प्रवेशा गर्दैछ ।

नेपालमा मनसुन भित्रिने समय (जेठ ३०) नजिक पुग्दा त्यसका लागि अनुकूल वातावरण बनेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । पछिल्लो ३० वर्षको मौसमी विश्लेषणअनुसार नेपालमा मनसुन भित्रिने समय जेठ ३० गते र बाहिरिने समय असोज १५ गते रहेको देखिन्छ । यस वर्षको मनसुन भित्रिने पूर्वसन्ध्यामा पश्चिमी वायुका साथै बङ्गालको खाडीको जलवाष्पयुक्त हावा र बिहार आसपास भएको न्यून चापीय क्षेत्रको आंशिक प्रभाव परेको देखिएको छ । यसले निर्धारित समयकै आसपास नेपालमा मनसुन भित्रिन्छ भन्ने सम्भावना बढेको महाशाखाका मौसमविद् रोजन लामिछानेले बताउनुभयो । उहाँले भन्नुभयो, "शनिबारदेखि नै कोशी प्रदेशमा तापक्रम घटिरहेको छ, बादल बनिरहेको छ र मनसुनका लागि आवश्यक अनुकूल वातावरण बन्दै गएको अवस्था देखिन्छ ।" आन कोशी प्रदेशलगायत देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहेको छ । साथै कोशी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको उहाँले बताउनुभयो । देशभर वृद्धि भएको अधिकतम् तापक्रम आजदेखि कम हुँदै जाने र पश्चिम तराई क्षेत्रमा बढेको तापक्रम केही दिन स्थिर र हने महाशाखाको भनाइ छ ।

# बेगमा सामुदायिक 'होमस्टे'

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ जेठ

रघुगङ्गा गाउँपालिका-१ बेगमा सामुदायिक 'होमस्टे' (घरबास) सञ्चालन गरिएको छ ।

गाउँमा भ्रमण गर्न आउने पाहुनाको सुविधाका लागि बेगका बासिन्दाले सामुदायिक घरबास सञ्चालन गरेका हुन् । बेग सामुदायिक होमस्टे सञ्चालक समितिका अध्यक्ष नरसिंह पुनले १० घरमा घरबास सुविधा रहेको जानकारी दिनुभयो । "दश घरमा ५० जना पाहुना राख्न सकिन्छ", उहाँले भन्नुभयो, "गाउँमा आउने पाहुनाको सुविधा, रोजगारी र आयआर्जनको अवसर सिर्जना गराउन होमस्टे चलाएका हौँ ।" पाहुनालाई राख्नका लागि घरमा छुट्टै कोठा, आधुनिक शौचालय, सयनकक्ष बनाउनुका साथै घरवरपर सरसफाइ गरिएको छ । गाउँमा आउने पाहुनालाई कोदोको रोटी, ढिँडो, लोकल कुखुरा, भेडा, खरायोको मासु, मुला, भाँगोको अचार चखाउने गरिएको घरबास सञ्चालक टीका थजालीले बताउनुभयो । पुन, थजालीसहित दुर्गा गर्बुजा, कुमार गर्बुजालगायतका घरमा घरबास सञ्चालन भएको छ । नेपाल रेडक्रस सोसाइटी म्याग्दी शाखाले सञ्चालन गरेको जीविकोपार्जन सुधार कार्यक्रमले घरबाससम्बन्धी तालिम र भ्रमण गराएको थियो । दोस्रो विश्वयुद्धमा बहादुरी प्रदर्शन गरेबापत बेलायत सरकारबाट भिक्टोरिया क्रस पदक पाएका स्वर्गीय तुलबहादुर पुनको जन्मथलो बेग र बादुक जोड्ने ठाउँमा तीन सय ६५ मिटर लामो झोलुङ्गे पुल छ । बेनी-जोमसोम सडकको बेगखोला खण्डदेखि २० मिनेट सवारीसाधनमा यात्रा गरेपछि पुगिने बेगबाट अन्नपूर्ण हिमालको अवलोकन गर्न सकिन्छ । बेगदेखि एक घन्टाको पैदलयात्रामा पुगिने भेडिओडार र रुइसेबाट हिमशृङ्खला, सूर्योदय, पहाडी भूगोलको अवलोकन गर्न सकिन्छ ।

यहाँ मगर समुदायको पुर्ख्यौली नाच देखाएर पाहुनाको स्वागत गर्ने चलन छ । बेगखोला संस्कृति र प्रकृतिको सङ्गम रहेको तथा त्यहाँ हाले तीन दिने गोष्ठी सञ्चालन गरिएको बेनीको भूपू सैनिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष बालकृष्ण सुवेदीले बताउनुभयो । "शान्त र एकान्त वातावरणमा मगर संस्कृति, आतिथ्यता र स्थानीय खानाका परिकारको स्वादमा रमाउन पाइन्छ", उहाँले भन्नुभयो, "तालिम, गोष्ठी, बैठक सञ्चालन गर्नका लागि पनि बेगखोला उपयुक्त छ ।"


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ३३ उपल्लो पुडीमा राउसे खोला भल निकास कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम: राउसे खोला भल निकास**
**स्थान: पोखरा-३३, उपल्लो पुडी, कास्की**
**योजना सम्झौता मिति : २०८०/०२/०७ गते**
**योजना सुरु भएको मिति : २०८०/०२/०८ गते**
**योजना सम्पन्न मिति: २०८०/०२/२७ गते**
**योजनाको कुल लागत : रु. ७,७७,८२४.६० ।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.७,००,००० ।-**
**जन सहभागितावाट : रु.७७,८२४.६० ।-**
**उपभोक्ता समिति अध्यक्षः गंगा बहादुर पुन**
**सम्पर्क नं.: ९८०४१८२५७८**

**राउसे खोला भल निकास उपभोक्ता समिति**
**पोखरा-३३, उपल्लो पुडी**



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| ककर्ट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : व्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# वडा १३ को बक्तित्वकलामा बसेल प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ

पोखरा महानगरपालिका वडा नं १३ को आयोजनामा वाल प्रतिभा प्रतिस्पर्धा कार्यक्रम अन्तर्गत बक्तित्वकला प्रतियोगितामा रिति बसेल प्रथम भएकी छिन् ।

त्यसैगरी विद्या गुरुङ द्धित्तिय, राहुल कुवँर तृत्तिय र किरण कुमार राज सान्त्वना भएका छन् । पोखरा महानगरपालिका सामाजिक विकास महाशाखाको आर्थिक सहयोगमा सो कार्यक्रम भएको थियो । वडा १३ की वडा सदस्य रजनी परियारले पुरस्कृत भाइ वहिनीहरुलाइ नगद प्रदान गरेकी थिइन । त्यसैगरी वडा सदस्य सुचित तामाङ र समाजसेवी भिम कुमार केसी लगायतले नगद तथा प्रमाणपत्र विवरण गरेका वडा १३ कि सचिव अञ्जु गुरुङले वताइन् ।



# पाहुनालाई पृथ्वीनारायण शाहको मूर्ति उपहार

**पोखरापत्र संवाददाता**
गोरखा, २८ जेठ

गोरखामा पृथ्वीनारायण शाहको मूर्ति बनाउने तालिम सम्पन्न भएको छ । गोरखा नगरपालिकाको आर्थिक सहयोग तथा महिला उद्यमी सङ्घ गोरखाको आयोजनामा गएको एक महिनाअघि भएको तालिममा १५ महिलाले 'एड्भान्स' तालिम लिएको गोरखा नगरपालिकाका नगरप्रमुख कृष्णबहादुर रानामगरले जानकारी दिनुभयो ।

सहभागीलाई तालिमका क्रममा नेपाल एकीकरणका अभियान्ता तत्कालीन राजा पृथ्वीनारायण शाहको मूर्ति बनाउने, मूर्तिको फ्रेम निर्माण गर्नेलगायतका तालिम प्रदान गरिएको आयोजकले जनाएको छ । यसअघि एकमहिने आधारभूत मूर्ति बनाउने तालिममा सहभागी भएकालाई दोस्रो चरणमा थप एक महिना 'एड्भान्स' तालिम प्रदान गरिएको उहाँले बताउनुभयो । तालिमका सहभागीहरूले बनाएको मूर्ति आन्तरिक तथा बाह्य पर्यटक, अतिथिलगायतलाई मायाको चिनोका रूपमा प्रयोग हुने नगरप्रमुख रानामगरले बताउनुभयो । यसले गोरखाको ऐतिहासिक पहिचानको पनि प्रवर्द्धन हुने अपेक्षा गरिएको उहाँको भनाइ छ । गोरखा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई गोरखामै उत्पादित गोरखाको पहिचान र चिनारी झल्कने पृथ्वीनारायण शाहको मूर्ति मायाको चिनोका रूपमा उत्पादन गर्न सके यसले आर्थिक आयआर्जनमा टेवा पुग्ने भएकाले महिलालाई मूर्ति बनाउन तालिम प्रदान गरेको उहाँले बताउनुभयो । गोरखा आएर फर्कने पर्यटकले यहाँ घुमेर फर्कँदै गर्दा गोरखामा उत्पादित तथा गोरखाको इतिहास जोडिएको मायाको चिनो प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले पृथ्वीनारायण शाहको मूर्ति बनाउने तालिमको आयोजना गरिएको नगरप्रमुख रानामगरले जानकारी दिनुभयो । तालिमले रोजगारीको अवसरसमेत सिर्जना गरेको जनाउँदै नगरप्रमुख रानामगरले यसबाट महिलालाई दैनिक आयआर्जनका साथै आत्मानिर्भरसमेत बनाउने बताउनुभयो । तालिममा सहभागीलाई मूर्तिका साथै मूर्तिका लागि आवश्यक पर्ने साथै ऐन र फ्रेम बनाउनका सिकाइएको उहाँले बताउनुभयो । तालिम सञ्चालन गर्न नगरपालिकाले चालु आर्थिक वर्षमा रु तीन लाख बजेट विनियोजना गरेको थियो । शनिबार सम्पन्न भएको तालिमको समापन कार्यक्रममा नगरप्रमुख रानामगरसहित उपप्रमुख मसली माया थोकर, गोरखा उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णकुमार श्रेष्ठ, प्रशिक्षार्थी रमा बस्नेतलगायतको सहभागिता रहेको थियो ।

# हसंपुरमा मदिरारहित समाज निर्माण अभियान

**पोखरापत्र संवाददाता**
गण्डकी, २८ जेठ

कास्की जिल्ला रुपा गाउँपालिकाको वडा नं ७ हँसपुरका बासिन्दा पछिल्लो समय मदिरारहित समाज निर्माण अभियानमा जुटेका छन् ।

मदिरा तथा लागुऔषध सेवनकर्ताका कारण विकृति एवं विसङ्गति बढेको जनाउँदै यसको अन्त्य गर्न टोलवासीको भेलाले मदिरा निषेधित अभियान सञ्चालन गरेको हो । स्थानीय विभिन्न सङ्घसंस्था, समाजसेवी, बुद्धिजीवीसहितको सहगितामा शनिबार वडाका हँसपुर गाउँ क्षेत्रका प्रत्येक पसलमा पुगेर मदिरा व्यवस्थापन तथा लागुऔषध नियन्त्रणका विषयमा सचेतनामूलक कार्यक्रम गरिएको टोलसुधार समितिका अध्यक्ष डिलबहादुर नेपालीले जानकारी दिनुभयो । लागुऔषधको प्रयोग तथा बिक्री-वितरणले मानिसको स्वास्थ्य बिग्रनुका साथै धन सम्पत्तिको समेत क्षति हुने भएकाले यसको नियन्त्रणको प्रयास थालिएको उहाँको भनाइ छ । महिला मिलन विकास समितिका सदस्य एवं स्थानीय स्वयंसेविका ताराकुमारी सापकोटाले सभ्य र समृद्ध समाज निर्माणको अभियानमा सबैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । उक्त क्षेत्रका प्रत्येक घरबाट एक जनताको सहभागिता रहेको सचेतना अभियानका क्रममा मदिरा तथा लागुऔषध निषेधित सूचना टाँस गरिएको जनाउँदै उहाँले भन्नुभयो, "सूचनालाई बेवास्ता गरेमा गाउँपालिका र प्रहरीको सहयोगमा कडाभन्दा कडा कारबाही गरिने छ ।" गाउँपालिकाका अध्यक्ष नवराज ओझाले हँसपुरले सुरु गरेको अभियानमा आफ्नोतर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । ग्रामीण क्षेत्रका प्रत्येक पसलमा मदिरा बिक्री वितरण हुने गरेको गुनासो आउन थालेपछि पालिकाकाले कार्यालय समयबाहेक र स्वीकृति लिएको पसलबाट मात्र मदिरा बिक्री-वितरण गर्ने अभियान सञ्चालन गरेको उहाँले बताउनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ फेदीपाटन चापाको रुख सडक स्तरोन्नति कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम: फेदीपाटन चापाको रुख सडक स्तरोन्नति
स्थान: पोखरा-२१, फेदीपाटन
योजना सम्भौता मिति : २०७९/१२/२० गते
योजना सुरु भएको मिति: २०७९/१२/२१ गते
योजना सम्पन्न हुने मिति: २०८०/०२/२० गते
योजना सम्पन्न भएको मिति: २०८०/०२/१५ गते
योजनाको कुल लागत : रु. २८,०२,३६५.६४ ।-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२५,००,००० ।-
जन सहभागिताबाट : रु.३,०२,३६५.६४ ।-
उपभोक्ता समिति अध्यक्ष: बाबुराम पौडेल
सम्पर्क नं.: ९८४६२८३९४८
सचिव: सीता पौडेल कोषाध्यक्ष: सन्तोष श्रेष्ठ

**झ्रौरीखेत चाँपाकोरुख मोटरबाटो उपभोक्ता समिति पोखरा-२१, फेदीपाटन**


# शताब्दीऔँ अघिको ढोरदरबार पर्यटनसँग जोडिँदै

**-वासुदेव पौडेल**
गण्डकी, २८ जेठ (रासस)

नेपालका बाइसे तथा चौबिसे राजाको पालका दरबारमध्येको एक हो तनहुँको ढोरमूलकोट दरबार ।

विसं १५१० मा स्थापना भएको ढोर राज्य र त्यसको दरबारका केही निशानी अझै पनि यहाँ सुरक्षित छन् । तनहुँको शुक्लागण्डकी नगरपालिका-१० मा रहेको यस दरबारलाई पछिल्लो समय संरक्षणसँगै पर्यटकीयरुपमा उपयोग गर्ने लक्ष्य लिइएको छ । दरबारलाई मध्यपहाडी क्षेत्रको नेपालकै पहिलो पदयात्रा मार्ग सहशताब्दी पदमार्ग (मिलेनियम ट्रेक)सँग जोड्दै यसलाई ऐतिहासिक गन्तव्यको रुपमा विकास गर्ने योजनाका साथ संरक्षण एवं पूर्वाधार निर्माणमा जोड दिइएको ढोरदरबार संरक्षण एवं पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम खाडले बताउनुभयो । नेपालका बाइसे तथा चौबिसे राजाका समयमा पहिलो राजा कृति खाड र अन्य राजाले राज्य गरेको ढोर राज्य विसं १८३७ मा गोरखा राज्यमा विलय भएको थियो । अहिले पनि यस दरबारमा तत्कालीन समयका भग्नावशेष पाइन्छ । दरबार, गढी, त्यहाँस्थित शक्तिपीठ, देउती बज्यैको थान, जेल घर, टक्सार घर, रानीकुवा आदिको भग्नावशेष तत्कालीन समयको दरबारका जीवन्त अवशेष हुन् ।

पुरातत्व विभागको सहयोगमा दरबार संरक्षणको प्रयाससँगै दरबार परिसरलाई व्यवस्थित गर्ने काम भइरहेको उहाँले बताउनुभयो । दरबार क्षेत्रको संरक्षणका लागि परिसरमा तारबार गरिएको छ । दरबार हेर्न आउने पर्यटकलाई लक्ष्य गरी नजिकैको रजस्थल गाउँमा रजस्थल सामुदायिक होमस्टे सञ्चालनमा ल्याइएको रजस्थल सामुदायिक होमस्टे सञ्चालक समितिका सचिव डिलश्री गुरुङले जानकारी दिनुभयो ।

"होमस्टेमा प्रत्येक दिन ५० जनासम्म पर्यटक राख्नसक्ने व्यवस्था छ", उहाँले भन्नुभयो, "फाट्टफुट्ट पर्यटक आउने गरे पनि अपेक्षितरूपमा उनीहरूको आगमन बढाउन सकेका छैनौँ । पछिल्लो समयमा गाउँबाट बढ्दो बसाइँसराइका कारण पनि होमस्टेलाई व्यवस्थित सञ्चालन गर्न पनि जनशक्ति अभाव चुनौतीका रुपमा देखिएको छ ।" कोरोनाफैलिएका बेलामा सहर बजार लकडाउनका कारण ठप्प हुँदा ढोरदरबार क्षेत्रमा दैनिक ठूलो सङ्ख्यामा मानिस घुम्न आउने गरेको स्थानीयवासीको भनाइ थियो। ढोरदरबार तनहुँको दुलेगौँडाबाट सवारी साधनमार्फत आउन सकिन्छ। पछिल्ला समयमा रजस्थलसम्म जीप आउन थालेको र त्यहाँबाट १०/१५ मिनेटकै दूरीमा दरबार क्षेत्र पुग्न सकिन्छ। दरबार क्षेत्रबाट नाङ्गो आँखाले धवलागिरि, अन्नपूर्णलगायत हिमशृङ्खला एकसाथ अवलोकन गर्न सकिन्छ । हिमाली दृश्यका साथै उत्तरतर्फ कास्कीको भरतपोखरीको कोटभैरव, हुँडिकोट, बर पाण्डेथुम, निर्मल पोखरी बरसाम्मी र तलको सुरौदी फाँटको मनोरम दृश्यले जो कोहीलाई लोभ्याउने गरेको छ भने दक्षिततर्फ नवलपुरको देवचुली, बरचुली, तलतिर देखिने मान्द्रे, फिर्दी फाँट आदिको रमणीय दृश्य पनि यहाँबाट अवलोकन गर्न सकिन्छ । दुलेगौँडाबाट सेती नदी किनाराको रक गार्डेन हुँदै हाइकिङ गरी करिब चार पाँच घण्टाको हिँडाइमा दरबार पुग्न सकिने भएकोले एक दिने हाइकिङका लागि पनि यो उपयुक्त गन्तव्य रहेको स्थानीयवासीले बताए। दरबारलाई अझै व्यवस्थित गरी मिलेनियम ट्रेकमा आउने पर्यटकको सङ्ख्या बढाउन सकेमा होमस्टे सञ्चालन पनि त्यहीरुपमा अघि बढाउने अपेक्षा गरिएको छ । समितिले होमस्टेमा आउने पर्यटकका लागि दुई छाक खाजा तथा एक छाक खाना र सुत्ने विस्तारासहित एक हजारको प्याकेज निर्धारण गरेको छ । आगन्तुक पर्यटकलाई सकेसम्म स्थानीयरूपमा उत्पादित वस्तु नै खुवाउने गरिएको होमस्टे सञ्चालक समितिका गङ्गाकुमारी मल्लले बताउनुभयो ।

रजस्थलमा हाल १० घरमा घरवास कार्यक्रम सञ्चालन गरिएको छ । घरबासलाई व्यवस्थित सञ्चालनका लागि आफूहरूलाई तालिमलगायत सहयोगको खाँचो रहेको उहाँको भनाइ थियो । कच्ची बाटोका कारण पनि पर्यटकको आगमन बढ्न नसकेको बताउँदै सञ्चालक मल्लले बाटोलाई यथासक्य चाँडो स्तरोन्नति एवं कालोपत्र गर्नुपर्नेमा जोड दिनुभयो। "पर्यटकको संख्या बढ्दै गएमा होमस्टेलाई पनि व्यवस्थित गर्दै यही नै रोजगारीका अवसर सिर्जना गर्न सकिन्थ्यो", उहाँले भन्नुभयो, "युवा शक्ति दिनदिनै गाउँ छोड्दा बस्ती उजाड बनिरहेको अवस्थालाई पनि गम्भीरताका साथ लिनु अपरिहार्य छ ।"शताब्दीऔँ पुरानो ऐतिहासिक महत्वको ढोरमूलकोट दरबार संरक्षण गरी यसको प्रवर्द्धन गर्न सकेमा बर्सेनि रित्तिदै गएका बस्तीमा मानिस फर्किएर पुनः भरिभराउ हुने विश्वास लिइएको मिलेनयम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले बताउनुभयो।दरबारलाई मिलेनियम ट्रेकको नक्सामा समावेश गरिएको बताउँदै उहाँले यस पदमार्गमा आउने पर्यटकलाई दरबार अवलोकन गराउँदै नजिकै रहेको रजस्थल सामुदायिक होमस्टेमा बस्ने व्यवस्था मिलाउन सकिने जानकारी दिनुभयो ।

समितिले पदमार्ग क्षेत्रका ऐतिहासिक मन्दिर, गुफा आदिको संरक्षण एवं प्रवर्द्नमा जोड दिएको उहाँले बताउनुभयो ।

# जहाँ अझै शौचालय छैनन्

**रासस**
बागलुङ, २८ जेठ

बागलुङ जिल्ला खुला दिसामुक्त घोषणा भएको दश वर्ष पूरा भइसक्दासमेत यसले पूर्णता पाउन सकेको छैन। खुला दिसामुक्त घोषणा भइसकेको जिल्लामा शौचालयविहीन परिवार रहेको तथ्याङ्क सार्वजनिक भएको छ।

सबै घरमा शौचालय निर्माण गरेर 'खुल्ला दिसामुक्त बागलुङ' विसं २०७० मा घोषणा भए पनि अझै आठ सय ६५ घरपरिवार शौचालयविहीन रहेको राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कले जनाएको छ।

जिल्लामा रहेका ६४ हजार एक सय ५३ घरपरिवारमध्ये आठ सय ६५ घरमा अझै शौचालय नभएको पाइएको तथ्याङ्क कार्यालय बागलुङका कार्यालय प्रमुख चन्द्रकान्त सुवेदीले जानकारी दिनुभयो । उहाँले जिल्लाको तथ्याङ्क सार्वजनिक अझै पनि आठ सय ६५ घरपरिवारमा शौचालय नभएको, कुवा तथा खुला इनारको पानी प्रयोग गर्ने पाँच सय ३१ परिवार र नदी तथा खोलाको पानी प्रयोग गर्ने तीन सय १६ परिवार रहेको जानकारी दिनुभयो ।

उहाँका अनुसार जिल्लामा एक सय ६७ सार्वजनिक शौचालय छन् भने सार्वजनिक ढलमा मिसिने शौचालय एक हजार आठ सय ६५, सेफ्टी ट्याङ्की भएको ४७ हजार दुई सय ६४ परिवार र साधारण खाल्टे शौचालय भएका १३ हजार नौ सय ४२ घरपरिवार छन् । बाढीपहिरोको जोखिम भएका स्थानमा कतिपयले खाल्टे शौचालय प्रयोग गर्ने खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङका प्रमुख तुल्सी बस्नेतले बताउनुभयो । छिट्टै भत्किने, पहिरोले लैजाने, बाढीले पुर्नेलगायत समस्याका कारण कतिपय घरमा शौचालय नभएका उहाँको भनाइ थियो ।

"दश वर्षअघि खुला दिसामुक्त जिल्ला घोषणा भएको थियो । उक्त समयमा सबैको घरमा अस्थायी सम्मको शौचालय थिए । दश वर्षको अवधिमा बढी मात्रामा परिवार छुट्टिदा, बाढीपहिरोका कारण शौचालय नभएका घरको सङ्ख्या बढेको हो", प्रमुख बस्नेतले भन्नुभयो। अहिलेको सरसफाइको जिम्मेवारी स्थानीय तहलाई दिइएको भन्दै उहाँले जिल्लामा खानेपानी आयोजना सञ्चालन नभएका, अझै खोला र खुल्ला कुवाको पानी खाइरहेका परिवार धेरै रहेका बताउनुभयो । घरमा शौचालय नभए पनि सार्वजनिक तथा सयुक्त रुपमा रहेका शौचालय प्रयोग गर्ने परिवार रहेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङले जनाएको छ । तथ्याङ्क कार्यालयका प्रमुख सुवेदीका अनुसार जिल्लामा रहेको ६४ हजार एक सय ५३ घरपरिवारमध्ये तीन प्रतिशत परिवारमा शौचालय नभएको तथ्याङ्क राष्ट्रिय जनगणना २०७८ को नतिजाले देखाएको हो ।

जिल्लाका तत्कालीन सबै गाविसमा घर-घरमा चर्पी निर्माण सम्पन्न भइसकेको भन्दै नेपालको ८औँ खुला दिसामुक्त जिल्लाको रुपमा विसं २०७० माघ १६ गते घोषणा गरिएको थियो ।

खुला दिसामुक्त जिल्ला घोषणा भएको १० वर्षपछि आठ सय ६५ घरमा शौचालय नभएको पाइनु दुःखद् रहेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो। सार्वजनिक तथ्याङ्कका आधारमा जिल्लामा सरसफाइको अवस्था नाजुक रहेको देखाएको उहाँको भनाइ छ । शौचालयको अभावले खुल्ला स्थानमा दिसा, पिसाब गर्दा आउ, हैजा, झाडापखलालगायत रोगको सङ्क्रमण फैलिने भएकाले सबैले शौचालय बनाउनुपर्नेमा बरालले जोड दिनुभयो। राष्ट्रिय जनगणना २०७८ अनुसार बागलुङको जनसङ्ख्या एक लाख १६ हजार एक सय ९४ पुरुष, एक लाख ३३ हजार १७ महिला गरी दुई लाख ४९ हजार दुई सय ११ रहेको छ। विसं २०६८ को जनगणना अनुसार दुई लाख ६८ हजार छ सय १३ जनसङ्ख्या थियो । अहिले यहाँको जनसङ्ख्या शून्य दशमलव ७२ प्रतिशतले वृद्धि भएको छ।

# बेनी-गलेश्वर सडक स्तरोन्नतिको काम तीव्रगतिमा

**पोखरापत्र संवाददाता**
बेनी, २८ जेठ

कालीगण्डकी करिडोर सडक योजनाअन्तर्गत बेनी- गलेश्वर सडक स्तरोन्नतिको कामले तीव्रता पाएको छ ।

गत माघदेखि निर्माण सुरुभएको उक्त योजनाको पाँच महिनाको अवधिमा ८० प्रतिशत स्तरोन्नतिको काम पूरा भएको कालीगण्डकी कोरिडोरका बेनी-जोमसोम कोरला सडक योजना प्रमुख जगत प्रजापतिले बताउनुभयो । मङ्गलादेवी सुवास कन्ट्रक्सन प्रालिका सञ्चालक एवम् निर्माण व्यवसायी सुवासचन्द्र कार्कीले ठेक्का सम्झौतालगत्तै योजनास्थलमा उपकरण र मजदुर परिचालन गरी काम सुरु गरिएको बताउनुभयो । उहाँले साँघुरो सडकलाई आठ मिटरको फराकिलो बनाउने, सडक तलमाथि पर्खाल, चारवटा कल्भट, दुईसय मिटर आरसिसी ढलानको काम सकिएको जानकारी दिनुभयो । निर्माण व्यवसायी कार्कीले सम्झौता मितिको एकवर्ष अघिनै काम सक्ने प्रतिबद्धता अनुरुप काम अगाडि बढाइएको बताउनुभयो । राष्ट्रिय गौरवको आयोजना मानिएको बेनी-जोमसोम-कोरला सडक योजनाअन्तर्गत बेनी-गलेश्वर खण्डमा निर्माण कम्पनीले पाँच महिनामा ८० प्रतिशत काम सकेपछि जिल्लामा सञ्चालित अन्य योजनका निर्माण व्यवसायीलाई समेत दबाव उत्पन्न भएको छ ।

योजना प्रमुख प्रजापतिले कोरिडोरअन्तर्गत ठेक्का लागेका खण्डमध्ये सबैभन्दा छिटो र धेरै काम गरेको खण्ड बेनी-गलेश्वर रहेको बताउनुभयो । उहाँले निर्माण कम्पनीले गत माघ ६ गतेबाट सुरु गरेको योजनाको काम हालसम्म सडक तलमाथिको पर्खाल, नाली, चारवटा कल्भट, सडक पराकिलो बनाउने काम, सबवेस र दुई सय मिटर आरसिसी ढलानलगायत काम सकिएको जानकारी दिनुभयो ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १५ शिवशक्ति टोलका भित्रि बाटोहरु निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धि सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : शिवशक्ति टोलका भित्रि बाटोहरु निर्माण
उपभोक्ता समितिको नाम: शिवशक्ति टोलका भित्रि बाटोहरु निर्माण उपभोक्ता समिति, पोखरा-१५
योजना सम्झौता मिति : २०७९/१२/०२
योजना सुरु मिति : २०७९/१२/०३
योजना सम्पन्न हुनुपर्ने मिति : २०८०/०२/३०
योजना सम्पन्न भएको मिति : २०८०/०२/२०
महानगरपालिका बाट प्राप्त : ७,००,०००/-
जनसहभागिता : ८०,५३१/९९
योजनाको कुल लागत : ७,८०,५३१/९९

**बुद्धिमान साकी**
अध्यक्ष
**शिवशक्ति टोलका भित्रि बाटोहरु निर्माण उपभोक्ता समिति**
पोखरा-१५, कास्की